# मरिण राजपत्र

मरिण गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्ड ६ मरिण, मंसिर २२ गते, २०८० साल संख्या १६

## भाग २

# फोहरमैला व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावना**

फोहरमैलालाई श्रोतमा न्यूनीकरण, पुनः प्रयोग, प्रशोधन वा विसर्जन गरी फोहरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन गर्न तथा फोहरमैलाबाट जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्नका लागि फोहरमैला व्यवस्थापन जस्तो अत्यन्त जरुरी सेवा सम्बन्धी कार्यविधि जारी गरी कार्यान्वयनमा ल्याउन वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ उपदफा २ (ग) ११ बमोजिम वडा समितिलाई दिइएको अधिकारलाई कार्यान्वयनमा सहजकता ल्याउन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ ले र फोहरमैला व्यवस्थापन ऐन, २०६८ (संशोधन २०७५) को दफा ५१ (२) ले दिएको अधिकार प्रयोग गरी मरिण गाउँपालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि, २०८० तर्जुमा गरी लागू गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम मरिण गाउँपालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि, २०८० रहने छ ।

(२). यो कार्यविधि मरिण गाउँपालिका, गाउँ कार्यपालिकाले स्वीकृत गरेको एकतीसौं दिनदेखि लागू हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

(ख) "स्थानीय तह" भन्नाले नेपालको संविधानको धारा ५६ (४) बमोजिमको स्थानीय तह सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले मरिण गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(घ) "गाउँपालिका अध्यक्ष" भन्नाले मरिण गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(ङ) "उपाध्यक्ष" भन्नाले मरिण गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

(च) "कार्यपालिका सदस्य" भन्नाले मरिण गाउँपालिकाको गाउँ कार्यपालिकाको सदस्यलाई सम्झनुपर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मरिण गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ज) "विषयगत शाखा" भन्नाले मरिण गाउँपालिकाको कार्यालय अन्तर्गतको विषयगत शाखालाई सम्झनुपर्छ ।

(झ) "समिति" भन्नाले मरिण गाउँ कार्यपालिकाको कार्य सम्पादन नियमावलीद्वारा गठित समितिहरु सम्झनुपर्छ ।

(ञ) "कार्यविधि" भन्नाले मरिण गाउँपालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि, २०८० बुझ्नुपर्छ।

(ट) "गाउँपालिका" भन्नाले मरिण गाउँपालिका सम्झनुपर्छ ।

(ठ) "नियमावली" भन्नाले मरिण गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता नियमावली, २०८० सम्झनुपर्छ ।

(ड) "फोहरमैला" भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानीकारक फोहरमैला सम्झनुपर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका गाडी मर्मत र गाडी धुलाइबाट निस्केका, तरकारी बजारबाट निस्केका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउनेगरी निस्काशन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामग्रीहरु लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य बस्तुहरु वा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्प्लेट र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी फोहरमैला भनी तोकिदिएका अन्य बस्तु समेतलाई जनाउनेछ ।

(ढ) "हानीकारक फोहरमैला" भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने मानव तथा अन्य प्राणिको स्वास्थ्यमा हानी नोक्सानी पुऱ्याउने विभिन्न रुपमा निस्काशित बस्तु, पदार्थ तथा रेडियो विकिरण सम्झनुपर्छ ।

(ण) "रासायनिक फोहरमैला" भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै श्रोत तथा प्रक्रियाबाट निस्केका मानव स्वास्थ्य लगायत जीवजन्तु एवम् वातावरणमा प्रतिकूल असर पार्ने सम्पूर्ण रासायनिक पदार्थहरु वा समय समयमा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी रासायनिक फोहरमैला भनी तोकेको ठोस, तरल, धुलो, लेदो, ग्यास लगायतका पदार्थ वा बस्तुलाई सम्झनुपर्छ ।

(त) "स्वास्थ्य संस्थाजन्य फोहरमैला" भन्नाले अस्पताल, क्लिनिक, फार्मेसी, औषधि पसल, ब्लड बैंक, प्याथोलोजिकल प्रयोगशाला, पशु स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निस्काशन हुने हानीकारक फोहरमैला सम्झनुपर्छ ।

(थ) "वडा" भन्नाले मरिण गाउँपालिकाका वडाहरु सम्झनुपर्छ ।

## परिच्छेद २
## फोहरमैला व्यवस्थापन सम्बन्धी समिति

३. **फोहरमैला व्यवस्थापन सम्बन्धी निर्देशक र व्यवस्थापन समितिः** (१) यस मरिण गाउँपालिको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी नियमावली, २०८० अनुसार गाउँपालिका तहमा गठन हुने खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले नै गाउँपालिकास्तरीय निर्देशक समितिको जिम्मेवारी बहन गर्नेछ । जुन, तपसिल बमोजिमको हुनेछ :

(क) मरिण गाउँपालिका गाउँपालिका अध्यक्ष : अध्यक्ष

(ख) मरिण गाउँपालिका गाउँपालिका उपाध्यक्ष : सदस्य

(ग) वडा अध्यक्षहरु : सदस्य

(घ) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुको तर्फबाट एक जना महिला सहित दुई जना सदस्य

(ङ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट एक जना : सदस्य

(च) गाउँपालिकास्तरीय बाल सञ्जालबाट कम्तीमा एक जना छात्रा सहित दुई जना : सदस्य

(छ) महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट एक जना : सदस्य

(ज) खानेपानी तथा सरसफाइ क्षेत्रमा कार्यरत गैरसरकारी संस्था, कार्यक्रम वा सामुदायिक संस्थाहरु मध्येबाट एक जना : सदस्य

(झ) गाउँपालिकाको खानेपानी तथा सरसफाइ शाखा प्रमुख : सदस्य

(ञ) उद्योग वाणिज्य संघका प्रतिनिधि : सदस्य

(ट) स्थानीय सञ्चार क्षेत्रका प्रतिनिधि : सदस्य

(ठ) गाउँपालिकाको वातावरण तथा विपद् शाखाको प्रमुख : सदस्य सचिव

(२) वडाको फोहरमैला व्यवस्थापन सम्बन्धी कार्य सुचारु एवम् सुव्यवस्थित ढंगले सञ्चालन गर्न आवश्यक व्यवस्थापन एवम् नियमन गर्न वडास्तरमा देहाय बमोजिमको फोहरमैला व्यवस्थापन समिति/वडास्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति गठन गरिने छ :

(क) वडा अध्यक्ष : संयोजक

(ख) वडा समितिले तोकेको एक जना सदस्य : सदस्य

(ग) टोल विकास संस्था मध्येबाट १ महिला सहित २ जना : सदस्य

(घ) स्थानीय उद्योगी व्यापारी वा व्यवसायी मध्येबाट एक जना : सदस्य

(ङ) वडामा खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधि वा कर्मचारी एक जना : सदस्य

(च) वडा भित्र रहेका विद्यालय व्यवस्थापन समितिका पदाधिकारीमध्ये एक जना : सदस्य

(छ) महिला स्वास्थ्य स्वयंसेविकामध्ये एक जना : सदस्य

(ज) वडा बाल सञ्जाल सदस्य : सदस्य

(झ) वडामा रहेको स्वास्थ्य संस्था प्रमुख एक जना : सदस्य

(ञ) वडा सचिव : सदस्य सचिव

(३) गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको बैठक आफैले तयार गरेको कार्यविधि अनुसार बस्ने छ भने वडास्तरीय समितिको बैठक कम्तीमा दुई महिनाको एक पटक बस्नेछ ।

(४) वडास्तरीय समितिले तयार गरी बैठकबाट पारित प्रतिवेदन प्रत्येक दुई महिनाको एक पटक गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिमा पेश गर्नेछ ।

**४. गाउँपालिका तथा वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको फोहरमैला व्यवस्था सम्बन्धी कार्यहरु :** (१) गाउँपालिकास्तरीय समितिका कार्यहरु तपसिल बमोजिम रहनेछन् :

(क) फोहरमैला व्यवस्थापनका लागि आवधिक तथा वार्षिक योजनाहरु तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र समीक्षा गर्ने

(ख) वातावरण संरक्षण र फोहरमैला व्यवथापन ऐन र नियमले दिएका अधिकार प्रयोग गरी आवश्यक कार्य गर्ने

(ग) फोहर व्यवस्थापनमा क्रमशः स्यानिटरी ल्याण्डफिलको अवधारणा अनुसार कार्य गर्ने

(घ) ल्याण्डफिल साइट निश्चित समयपछि भरिने हुँदा भरिएका साइटहरुलाई पार्क, उद्यान, वगैंचा आदिका रुपमा विकास गर्ने तथा वैकल्पिक ल्याण्डफिल साइटहरुको खोजी गरी तिनीहरुको सम्भाव्यताको अध्ययन गर्ने

(ङ) फोहरमैला व्यवस्थापनमा गैरसरकारी संस्थाहरु, निजी क्षेत्र र समुदायहरुको संलग्नता बढाउन आवश्यक नीति तय गर्ने

(च) ल्याण्डफिल साइटको प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि विशेष कार्यक्रम सञ्चालन गर्न श्रोतको व्यवस्थापन गर्ने

(छ) गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजनालाई कार्यान्वयनमा ल्याउन सहजीकरण गर्ने

(ज) ल्याण्डफिल साइटलाई प्रदूषण शून्य बनाउन प्रयास गर्दै त्यसका नकारात्मक प्रभावहरुलाई न्यूनीकरण गर्न आवश्यक व्यवस्था मिलाउने

(झ) जैविक फोहरबाट ऊर्जा, कम्पोष्ट, बायोग्याँस एवम् मल बनाउने तथा प्लास्टिक, धातु आदिलाई पुनः प्रयोग गर्न आवश्यक व्यवस्था गर्ने

(ञ) फोहरमैला व्यवस्थापन तथा सरसफाइमा प्रचलित ऐन, कानुन तथा निर्देशिकाले तोकेको मापदण्ड पालना नगर्ने उपर आवश्यक कारवाहीका लागि निर्देशन दिने

(ट) फोहरमैला व्यवस्थापन तथा सरसफाइमा लगाइएको शूल्कको समीक्षा गर्दै त्यसमा समयोचित पुनरावलोकन गर्न कार्यपालिका समक्ष प्रस्ताव पेश गर्ने

(ठ) फोहरमैला व्यवस्थापन सम्बन्धी कार्य गर्ने विभिन्न निजी, सरकारी, गैरसरकारी र अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरुसँग समन्वय तथा सहकार्य कायम गर्ने

(ड) गाउँपालिकालाई सफा र स्वच्छ क्षेत्रको रुपमा विकास गर्न योजना निर्माण, फोहरमैला व्यवस्थापन रणनीति, योजना कार्यालय, अनुगमन र आवश्यक प्रमाणीकरणका कार्य गर्ने,

(ढ) फोहरमा आधारित उद्यमको योजना बनाई कार्यान्वयनमा ल्याउने ।

**(२) वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति/फोहरमैला व्यवस्थापन समितिका कार्यहरु** तपसिल बमोजिम हुनेछन् :

(क) फोहरमैला व्यवस्थापन तथा वडालाई सफा, स्वच्छ वडा निर्माणका लागि अभियान र चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने

(ख) वडालाई वातावरणमैत्री तथा सफा र स्वच्छ वडा बनाउन आवश्यक बजेटको व्यवस्थापन गर्न पहल गर्ने

(ग) फोहरलाई श्रोतमै वर्गीकरण गर्ने व्यवस्था मिलाउन आवश्यक पहल गर्ने

(घ) वर्गीकृत फोहरमध्ये प्रांगारिक फोहरबाट कम्पोष्ट मल, प्लास्टिकजन्य फोहरबाट हस्तकलाका सामग्री तथा अन्य प्रकृतिका फोहरलाई तीन आरको अवधारणा अनुसार व्यवस्थापन गर्ने

(ङ) फोहरमैला व्यवस्थापनका लागि आवश्यक पर्ने श्रोत साधन र मानव संसाधनको व्यवस्था गर्ने

(च) फोहरमैला व्यवस्थापन तथा सरसफाइमा लगाइएको शूल्कको समीक्षा गर्दै त्यसमा समयानुकूल पुनरावलोकन गर्न निर्देशक समिति समक्ष सिफारिस गर्ने

(छ) फोहरमैला व्यवस्थापनमा प्रभावकारिता ल्याउन टोल किवास संस्थाहरुसँग सहकार्य गर्दै विशेष कार्यदल गठन गरी परिचालन गर्ने

(ज) फोहर संकलन र व्यवस्थापन सेवा क्षेत्र विस्तार तथा सेवा प्रवाहमा सुधारका लागि आवश्यक कार्य गर्ने

(झ) फोहरबाट जनस्वास्थ्यमा पर्न सक्ने नकारात्मक असर न्यूनीकरणका लागि उपायहरुको खोजी गरी आवश्यक श्रोत व्यवस्थापन गर्ने

(ञ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेका फोहरमैला तथा वातावरणसँग सम्बन्धित अधिकारहरुको प्रभावकारी कार्यान्वयन गर्ने

(च) फोहरमैला व्यवस्थापन सम्बन्धी कार्य गर्ने मानव संसाधनको व्यवस्थापन गर्न अन्य वडाहरुसँग समेत आवश्यक समन्वय गर्ने

## परिच्छेद ३
## फोहरमैला व्यवस्थापन विधि प्रक्रिया

५. फो**हरमैला उत्पादन कम गर्ने :** (१) कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पन्न हुने फोहरमैला यथासक्य कम गर्नुपर्ने छ ।

(२) आफ्नो क्षेत्रभित्र विसर्जन हुन नसक्ने फोहरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहरमैलामात्र निस्काशन गरी फोहरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

**६.फोहरमैलाको पृथकीकरण :** (१) फोहरमैला व्यवस्थापन समितिले फोहरमैलालाई कम्तीमा जैविक र अजैविक लगायतका विभिन्न प्रकारमा विभाजन गरी श्रोतमै छुट्याउने गरी तोक्नेछ।

(२) उपदफा (१) बमोजिम समितिले तोकिदिए अनुसार फोहरमैलालाई श्रोतमै छुट्याई संकलन केन्द्र वा ढुवानी साधन सम्म पुऱ्याउने दायित्व त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसका लागि गाउँपालिका तथा वडा समितिसँग भएको प्रविधि, मालसामान, उपकरण, कण्टेनर आदि उपलब्ध गराउन समन्वय गरेमा लाग्ने शूल्क लिई सहयोग गर्न सक्नेछ ।

**७. फोहरमैलाको निस्काशन :** (१) फोहरमैला निस्काशनको समय, स्थान र तरिका फोहरमैला व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) हानीकारक फोहरमैला वा रासायनिक फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ ।

(३) हानीकारक फोहरमैला वा रासायनिक फोहरमैला संकलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निस्काशन गरी पुनः प्रयोगमा आउने फोहरमैलामा मिसाउन पाइने छैन ।

(४) संरचना एवम् घर निर्माण तथा मर्मत सम्भार गर्दा निस्कने फोहरको व्यवस्थापन गर्ने दायित्व सम्बन्धित उत्सर्जनकर्ताको हुनेछ । तर, उत्सर्जनकर्ताले वडाको फोहर संकलन गर्ने निजी क्षेत्र वा वडालाई अनुसूची-१ मा तोकिए बमोजिमको शूल्क बुझाई सेवा लिन सक्नेछ ।

(५) सडक एवम् फुटपाथमा निर्माण सामग्री राख्दा अनुसुची-१ मा तोकिए बमोजिमको शूल्क अग्रीम बुझाई तोकिए बमोजिमको समयसम्म वडा समितिको कार्यालयको अनुमति लिई राख्न सक्नेछ ।

(६) वडाभित्र जथाभावी वर्कसप खोल्ने कार्यलाई निरुत्साहित गर्दै फोहरमैला व्यवस्थापन समितिसँग अनुमति लिएरमात्र उचित ढंगबाट वर्कसप सञ्चालन गर्ने व्यवस्था मिलाइने छ । जसका लागि वडाले तोकेको स्थानमा वर्कसप सञ्चालन गर्दा वर्कसपको कालो पानी एवम् अन्य फोहरलाई नालामा नपठाई छुट्टै पानी सोस्ने खाडल बनाई विसर्जन गर्नुपर्नेछ ।

(७) नयाँ बन्ने घरको भान्सा र बाथरुमको पानी सम्भव भएसम्म घर कम्पाउण्डभित्र पानी सोस्ने खाडल बनाई व्यवस्थापन गर्न घरधनीहरुलाई प्रेरित गरिनेछ र घर कम्पाउण्डभित्र व्यवस्थापन गर्न सम्भव नभएको भनी टोल विकास संस्थाले सिफारिस गरेमा पानी छानेरमात्र सतह ढल एवम् नालीमा पठाउनु पर्नेछ ।

८. **पशु पक्षी र घरपलुवा चौपायापालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था :** (१) गाई, भैंसी, खसी, बाखा, हाँस, बट्टाइ तथा कुखुरा फाराम सञ्चालन गर्दा अनिवार्य रुपमा वडा समितिको अनुमति लिनुपर्नेछ । यस प्रकारका व्यवसाय सञ्चालन गर्नुपूर्व छरछिमेकको सहमति समेत अनिवार्य हुनु पर्नेछ । अनुमति लिई उल्लिखित पशु चौपाया र पंक्षी पालन गर्नेले समेत सोको फोहर निस्काशन र व्यवस्थापन छरछिमेकलाई असर नपर्ने गरी गाउँपालिकाले तोकेबमोजिमको मापदण्ड बमोजिम गर्नुपर्नेछ । पशु चौपाया र पंक्षीलाई सार्वजनिक बाटोमा बाँध्न तथा छाड्न पाइने छैन ।

(२) गाउँपालिका कार्यालय भएको स्थान, अस्पताल तथा स्वास्थ्य संस्था भएको क्षेत्र र सार्वजनिक विद्यालय भएको क्षेत्रको दुई सय पचास मिटरभित्र बंगुरपालन निषेध गरिने छ । साथै अन्य स्थानमा समेत वडास्तरीय समिति र गाउँपालिकास्तरीय समितिको निर्णय बमोजिम तोकिएको क्षेत्रमा सार्वजनिक सूचना प्रकाशन गरी निश्चित पशुपंक्षी पालन निषेध गर्न सकिनेछ ।

(३) वडाभित्र फेला परेका लावारिस मृत पशुपक्षीलाई वडा वा गाउँपालिकाको फोहर ढुवानी साधनले ल्याण्डफिल साइटमा लगी उचित ढंगबाट विसर्जनको व्यवस्था मिलाउनु पर्नेछ । पशुधनी पहिचान भएमा मृत पशुलाई सम्बन्धित धनीले नै घरपरिसरमा खाल्डो खनी व्यवस्थापन गर्न वडा कार्यालयले लगाउने छ । तर स्वयंले व्यवस्थापन गर्न नसक्ने स्थिति भएमा वडा समितिलाई तोके बमोजिमको सेवा शूल्क बुझाई व्यवस्थापन गर्नुपर्नेछ । मृत पशुपक्षीको व्यवस्थापन गर्ने आफ्नै जग्गा नभएमा साना पशुपक्षीलाई वडा समितिको अनुमतिमा वडाभित्रका खाली स्थानमा खाल्डो खनी व्यवस्थापन गर्न सकिनेछ ।

(४) गाउँपालिकाभित्र मासु व्यवसाय सञ्चालन गर्ने व्यवसायीले गाउँपालिकाले निर्धारण गरेको मापदण्ड अनुरुप वध गरी व्यवसाय सञ्चालन गर्नुपर्नेछ ।

९. **शौचालयको दिसाजन्य लेदो व्यवस्थापन :** (१) शौचालय निर्माणकर्ताले जमिनको पानी प्रयोग नगर्ने स्थलमा पानी सोस्ने ट्यांकी बनाउन सक्नेछन् । तर जमिनको पानीको सतह माथि भएको अथवा जमिनको पानीको प्रयोग हुने क्षेत्रका शौचालयको सेप्टिक ट्यांकी पानी प्रदूषित नहुनेगरी सेप्टिक ट्यांकी वा होल्डिङ ट्यांकी बनाउनुपर्नेछ ।

(२) शौचालयको पानीलाई सतह ढलमा पठाउन पाइने छैन । यस प्रकारको कार्य गर्नेलाई दफा (१३) मा तोकिए बमोजिम जरिवाना हुनेछ ।

(३) शौचालयको लेदो सफा गर्नका लागि व्यक्तिलाई असुरक्षित तवरले लगाउनु भन्दा पनि दर्ता भएको सक्सन ट्यांकर सहितको फर्मलाई काम लगाउनु पर्नेछ । व्यक्तिलाई काममा लगाउनुपर्ने भएमा गाउँपालिकाले तोकेको मापदण्ड बमोजिमको व्यक्तिगत सुरक्षा सामग्री प्रयोग गर्न लगाउनुपर्नेछ ।

(४) शौचालयको लेदो फाल्ने दर्तावाला फर्मको नम्बर प्रत्येक टोल विकास संस्थालाई वडा कार्यालयले जानकारी गराउने छ र टोल विकास संस्थाले आफ्ना सदस्यहरुलाई जानकारी गराई ट्यांकी भरिनुपूर्व नै सम्बन्धित सेवा प्रदायकलाई सम्पर्क गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(५) सक्सन ट्यांकर सेवा दिने सबै सेवा प्रदायकले सेवा प्रदान गर्नका लागि गाउँपालिकामा दर्ता हुनुपर्नेछ भने यसअघि नै सरकारी अन्य कुनै निकायमा दर्ता भैसकेको हकमा गाउँपालिकामा सूचीकृत हुनु पर्नेछ ।

## परिच्छेद ४
## फोहरमैला व्यवस्थापन सेवा शूल्क

१०. **सेवा शूल्क उठाउने :** (१) वडा कार्यालयले फोहरमैला व्यवस्थापन गरेवापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शूल्क लगाई उठाउनेछ ।

(२) चालु आर्थिक वर्ष २०८०/०८१ मा कुनै सेवा शूल्क लाग्ने छैन । तत्पश्चात् शूल्कको दर निर्धारण फोहरमैलाको परिमाण, तौल तथा प्रकृति र गाउँसभाबाट तोकिए बमोजिमका अन्य कुराहरुको आधारमा फोहरमैला व्यवस्थापन समितिको परामर्शमा वडा समितिले तोकी निर्देशन समितिबाट स्वीकृत गराई वडा कार्यालयले उठाउनेछ । वडामा फोहरमैला व्यवस्थापन गर्ने संयन्त्र निर्माण भई कार्यान्वयनमा नआएसम्मका लागि गाउँपालिकाले नै सो कार्य गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको शूल्क गाउँपालिका वा सम्बन्धित वडा आफैले वा सामुदायिक संस्था, गैरसरकारी संस्था वा अन्य संगठित संस्था मार्फत् समेत उठाउन सक्नेछ । यसरी सेवा शूल्क असुलीमा परिचालन हुने संस्था वा संगठित संस्थालाई तोके बमोजिमको व्यवस्थापन खर्च उपलब्ध गराउन सक्नेछ ।

(४) अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि वडा समितिबाट तोकिए बमोजिमका विपन्न वर्गलाई सेवा शूल्कमा तोकिए बमोजिम छुट दिन सकिनेछ भने वडाबासीको आयस्तरका आधारमा अनुसूची (१) मा उल्लिखित सरसफाइ सेवा शूल्कमा छुट दिनुपर्ने

वडा कार्यालयले आवश्यक ठानेमा निर्देशक समितिको सहमतिमा वडा कार्यालयबाट छुट दिन सक्नेछ ।

(५) यस दफा बमोजिम शूल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी वडा समितिले छुट्टै हिसाव राखी गाउँपालिकाको सर्वसञ्चित कोषमा जम्मा गर्नुपर्नेछ । सो रकम तोकिएको मापदण्डको अधीनमा रही वडाको फोहरमैला व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा गाउँपालिकाबाट कार्यक्रम स्वीकृत गराई वडा समितिको कार्यालयले खर्च गर्नेछ ।

**११. सेवा निलम्वन गर्न सक्ने** : (१) फोहरमैला व्यवस्थापन समितिको सिफारिसमा गाउँपालिकाले दफा (१०) बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी र गाउँपालिका वा सम्बन्धित वडाबाट उपलब्ध हुने अन्य सेवा निलम्वन वा अन्त्य गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फोहरमैला व्यवस्थापन गर्न फोहरमैला व्यवस्थापन ऐन २०६८ को दफा (१५) बमोजिम खुला प्रतिस्पर्धाबाट जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले यस कार्यविधिको दफा (१०) बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा वडा कार्यालयको निर्देशनमा निलम्वन वा अन्त्य गर्न सक्नेछ र यसरी सेवा निलम्वन वा अन्त्य गरिएमा सोको जानकारी गाउँपालिका र वडा समितिलाई दिनुपर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम सेवाको निलम्वन वा अन्त्य गरिएको अवस्थामा आफ्नो घरबाट उत्पादन हुने फोहरमैलाको व्यवस्थापन सम्बन्धित घरधनी आफैले गर्नुपर्नेछ ।

(४) सेवाग्राहीले दफा (१०) बमोजिम बुझाउनुपर्ने सेवा शूल्क नबुझाएमा निज वा निजको एकाघरको परिवारका नाममा रहेको एकीकृत सम्पत्तिकर वा व्यवसायकर खातामा प्रविष्ट गरी सेवा शूल्क असुल गरिनेछ ।

(५) सेवाग्राहीले दफा (१०) बमोजिम बुझाउनुपर्ने सेवा शूल्क बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ ।

(६) कुनै पेशा व्यवसायन गरी घर भाडामा लिई बस्ने बस्ने व्यक्तिले सेवा शूल्क बुझाउन अटेर गरेको हकमा सम्बन्धित घरधनीबाट असुलीको प्रक्रिया अघि बढाइने छ ।

## परिच्छेद ५
## कसुर, सजाय तथा कारवाही प्रक्रिया

**१२. कसुर :** (१) कसैले देहायको कुनै काम गरेमा फोहरमैला व्यवस्थापन ऐन २०६८ (संशोधन २०७५) र यस कार्यविधि बमोजिम कसुर गरेको मानिनेछ :

(क) फोहरमैला व्यवस्थापन समितिले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निस्काशन गर्ने,

(ख) कन्टेनर वा फोहरमैला संकलन केन्द्रमा राखिएको फोहरमैला अनधिकृत तवरले प्रयोग गर्ने,

(ग) फोहरमैला संकलन केन्द्रमा राखिएको कन्टेनर तोडफोड गर्ने, क्षति पुऱ्याउने, राखिएको स्थानबाट हटाउने वा संकलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउने,

(घ) फोहरमैला व्यवस्थापन ऐन, २०६८ बमोजिम अनुमति नलिई फोहरमैला व्यवस्थापनको कार्य गर्ने,

(ङ) फोहरमैला व्यवस्थापनका लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लिखित शर्तहरु उल्लंघन गर्ने,

(च) फोहरमैला संकलन केन्द्र, कन्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानीकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने,

(छ) घर, कम्पाउण्ड तथा परिसरको फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने तथा घर एवम् संरचना निर्माण एवम् मर्मत् सम्भार गर्दाको सामग्री अनुमतिविना सडक एवम् फुटपाथमा राख्ने,

(ज) फोहरबाट निस्केको दूषित पानी (लिचेट) वा शौचालयको लेदोलाई सतह ढल वा अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराउने, तोकिएको स्थानबाहेक खुला स्थान, खेत वा खोल्सामा खन्याउने, अनुमति विना वर्कसप सञ्चालन गर्ने तथा वर्कसपको फोहरपानी जथाभावी नालामा मिसाउने,

(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाइ तथा फोहरमैला संकलन गर्न गाउँपालिका वा वडाले तोकेको समय वा सफाइ गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि किसिमको सवारी साधन बिसाउने वा बिसाई राखेको सवारी साधन हटाउन इन्कार गर्ने,

(ञ) गाउँपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्नेगरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानीकारक फोहरमैला राख्ने, फाल्ने, थुपार्ने वा निस्काशन गर्ने,

(ट) रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानीकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निस्काशन गर्ने वा गराउने,

(ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानीकारक फोहरमैला जथाभावी फाल्ने, जलाउने, राख्ने वा निस्काशन गराउने,

(ड) फोहरमैला संकलन, ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध सृजना गर्ने,

(ढ) फोहरमैला संकलन, ढुवानी तथा अन्तिम निस्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हड्ताल गर्ने,

(ण) फोहरमैला अत्यधिक उत्पादन हुने बस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिवन्ध लगाएको कुनै बस्तुको उत्पादन तथा बिक्री वितरण गर्ने,

(त) फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा (४४) विपरीत रासायनिक विषादीको आयात गर्ने वा म्याद नाघेको, समयावधिक सकिएको औषधि नष्ट गर्ने जिम्मेवारी पूरा नगर्ने,

(थ) श्रोतमै फोहरमैलाको पृथकीकरण नगरी दफा (६) को विपरित फोहरमैला मिसाएर निस्काशन गर्ने,

(द) मरेको वा मारेको पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने,

(ध) पैदल तथा सार्वजनिक यातायातका यात्रुले जथाभावी फोहर फाल्ने

(न) चुरोट तथा सूर्तीजन्य (पान, गुट्का आदि) जस्ता बस्तुको फोहर जथाभावी फाल्ने,

(प) घरपालुवा पशु पक्षीलाई छाडा छाड्ने तथा अनुमति विना व्यवसायिक रुपमा पंशुपक्षी पालन गर्ने तथा सडकमा बाँध्ने कार्य गर्ने ।

**१३. सजाय :** (१) दफा १२ को खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई गाउँपालिकाबाट खटाइएको अनुगमन टोली वा वडा कार्यालयले पहिलो पटक भए पाँच सय रुपैयाँसम्म जरिबाना, सोही कसूर पटक-पटक दोहोऱ्याएमा पटकै पिच्छे दोब्बर जरिवाना गरी फोहरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असूल उपर गर्न सक्नेछ ।

(२) दफा १२ को खण्ड (ख) र (झ) बमोजिमको कसूर गर्नेलाई गाउँपालिका वा सम्वन्धित वडाले पाँच सय रुपैयाँ देखि तीन हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(३) दफा १२ को खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकाले दुई हजार पाँच सय रुपैयाँ देखि पच्चीस हजार रुपैयाँ सम्म जरिबाना गरी कण्टेनर वा सङ्कलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असूल उपर गर्न सक्नेछ ।

(४) दफा १२ को खण्ड (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाई गाउँपालिका वा सम्वन्धित वडा कार्यालयले पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउनेछ भने शर्त उल्लंघन गरी वडा कार्यालयलाई पूर्व जानकारी नदिई फोहर समयमा संङ्कलन नगरेको फोहरमैला व्यवस्थापन समितिले ठहर गरेमा उल्लेखित जरिवानाका अलावा अतिरिक्त फोहोर व्यवस्थापन खर्च समेत सम्वन्धित पक्षवाट असूल गरिने छ ।

(५) दफा १२ को खण्ड (च) बमोजिमको कसूर गर्नेलाई गाउँपालिका वा सम्वन्धित वडाले दुई हजार पाँच सय रुपैयाँ देखि दश हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेको भए त्यस्तो क्षति बापतको रकम समेत कसूरदारबाट असूल उपर गर्न सक्नेछ ।

(६) दफा १२ को खण्ड (छ), (ज) र (द) बमोजिमको कसूर गर्नेलाई गाउँपालिका वा सम्वन्धित वडाले प्रथम पटक एक हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिबाना गर्न सक्ने छ । सोही कसुर दोहोराएमा दोव्वर जरिवाना गरिनेछ ।

(७) दफा १२ को खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकाले पाँच हजार रुपैयाँ देखि पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(८) दफा ११ को खण्ड (ट), (ठ) र (त) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकाले दुई हजार पाँचसय रुपैयाँ देखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा पहिलो पटक गरेको जरिबानाको दोब्बर जरिबाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(९) दफा १२ को खण्ड (ड) र (ढ) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकाले पाँच हजार रुपैयाँ देखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(१०) दफा १२ को खण्ड (ण) बमोजिमको कसूर गर्नेलाई गाउँपालिका अध्यक्षले पाँच हजार रुपैयाँ देखि दश हजार रुपैयाँसम्म जरिबाना वा फोहरमैला व्यबस्थापन ऐन, २०६८ बमोजिम तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सम्वन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(११) दफा १२ को खण्ड (थ), (ध) र (न) बमोजिमको कसूर गर्नेलाई गाउँपालिका वा सम्वन्धित वडाले प्रत्येक पटक एक सय रुपैयाँ र जरिबाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा प्रत्येक पटक एक सय वृद्धि गरी जरिवाना गर्न सक्नेछ ।

(१२) माथि जे सुकै लेखिएको भएता पनि दफा (१२) मा उल्लिखित कसुरहरु गर्नेलाई रु ५०००/- सम्मको जरिवाना वडा समितिको कार्यालयले असूल गर्नेछ भने सोभन्दा माथिको जरिवानाको हकमा वडा समितिले जरिवाना प्रस्ताव गरी गाउँपालिकामा सिफारिस गर्नेछ । सो उपर गाउँपालिकाले जाँचबुझ गरी गाउँपालिका अध्यक्ष समक्ष पेश गर्नेछ र गाउँपालिका अध्यक्षको निर्णय बमोजिम जरिवाना गरिने छ ।

(१३) दफा १२ को खण्ड (प) बमोजिमको कसूर गर्नेलाई गाउँपालिका वा सम्वन्धित वडाले छाडा छाडीएका पशु पक्षी प्रति ज्यान रु. ५००/- सम्म र फर्मको हकमा प्रथम पटकका लागि रु. २५००/- सम्म जरिवाना गरी ३५ दिनभित्र हटाउने आदेश दिनेछ र सो म्यादभित्र नहटाएमा ३ महिना सम्म मासिक रु. ५०००/- का दरले जरिवाना गर्ने र तत्पश्चात पनि नहटाएमा गाउँपालिकाले फार्ममा रहेका पशुपक्षी जफत गर्नेछ । सडकमा बाँधिएका पशु चौपायाको हकमा प्रथम पटकका लागि प्रति ज्यान रु. १००/- दोश्रो पटक उक्त कार्य गरेमा रु. ५००/- तत्पश्चात समेत अटेर गरेमा पटकै पिच्छे दोब्वर जरिवाना वडा कार्यालय वा गाउँपालिकावाट खटाईएको निरीक्षण टोलीले गर्ने छ ।

(१४) बजारमा किनमेलका आउने व्यक्ति र सवारीमा यात्रा गर्ने व्यक्तिले कुनै पनि फोहोर बस्तु तोकिएभन्दा बाहिर फालेमा पटकेमा कारवाही हुनेछ ।

**१४. सेवा सुविधा तथा ऋण कारोवार रोक्का गर्न सकिने :** (१) यस कार्यविधि बमोजिम तोकिएको सेवा शुल्क र दण्ड जरिवाना नबुझाउने वा बुझाउन अटेर गर्ने व्यक्तिको गाउँपालिकाले उपलब्ध गराउने कुनै सेवा सुविधाको अतिरिक्त विद्युत तथा टेलिफोन सेवा रोक्का गरिदिन तथा निजको नामको घर जग्गा बिक्री वा कुनै बैंकबाट भैरहेको ऋण कारोवार रोक्का गर्नको लागि फोहर मैला व्यवस्थापन समितिले गाउँपालिकामा सिफारिस

गरेमा गाउँपालिकाले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ । तर यसरी लेखी पठाउनु अघि सम्बन्धित व्यक्तिलाई सो सम्बन्धमा लिखित रुपमा जानकारी दिइनेछ ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा त्यस्तो सेवा सुविधा रोक्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

## परिच्छेद ६

## स्वास्थ्य संस्थाजन्य, हानीकारक तथा अन्य संस्थागत फोहर व्यवस्थापन

**१५. स्वास्थ्य संस्थाजन्य फोहरमैलाको व्यवस्थापन :** (१) स्वास्थ्य संस्था स्थापना गर्नको लागि प्रचलित कानून बमोजिम अनुमति दिने निकायले त्यस्तो स्वास्थ्य संस्था स्थापना तथा सञ्चालनको लागि अनुमति दिनु पूर्व फोहरमैला व्यवस्थापन सम्बन्धी उपयुक्त व्यवस्था गरे वा नगरेको यकिन गरी उपयुक्त व्यवस्था गरेको भएमा मात्र अनुमति दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति दिंदा स्वास्थ्य संस्थाले फोहरमैला व्यवस्थापन सम्बन्धमा पालन गर्नु पर्ने विशेष शर्त वा कायम गर्नु पर्ने मापदण्ड समेत तोकिदिन सक्नेछ ।

**१६. रासायनिक विषादी सम्बन्धी व्यवस्था :** (१) रासायनिक विषादीको आयात गर्दा तोकिए बमोजिमको मापदण्डको अधीनमा रही गर्नु पर्नेछ ।

(२) म्याद नाघेको वा प्रयोगमा नआउने कुनै पनि रासायनिक विषादीलाई खुला स्थानमा विसर्जन गर्न वा धुल्याउन पाइने छैन ।

(३) समयावधि सकिएको रासायनिक विषादी तोकिएको मापदण्डको अधीनमा रही नष्ट गर्ने जिम्मेवारी सम्बन्धित व्यक्ति वा संस्थाको हुनेछ ।

(४) खेतबारीमा लगाइएको झार मार्ने विषादीहरु (हर्बिसाइट्स) प्रयोग गर्दा पानीको श्रोतहरु प्रदूषित नहुनेगरीमात्र गर्नुपर्नेछ ।

**१७. सेनिटरी प्याडको सुरक्षित व्यवस्थापन र विसर्जन गर्नुपर्ने :** (१) विद्यालय तथा अन्य कार्यालयहरुमा प्रयोग हुने सेनिटरी प्याडको सुरक्षित विसर्जनका लागि सम्बन्धित विद्यालयले नै सुरक्षित रुपमा जलाउनका लागि इन्सिनरेटर वा सुरक्षित गाड्ने खाडल बनाउनु पर्नेछ ।

(२) विद्यालय तथा कार्यालयहरुले महिला शौचालय वा महिनावारीमैत्री शौचालयमा प्रयोग गरिसकेको सेनिटरी प्याडको सुरक्षित व्यवस्थापनका लागि ढक्कन सहितको भाँडोको व्यवस्था गरेको हुनुपर्नेछ ।

(३) सेनिटरी प्याडको उचित व्यवस्थापन तथा विसर्जनस्थल निर्माण नगर्ने विद्यालयलाई गाउँपालिकाले एक पटकका लागि सुझाव र चेतावनी दिनेछ भने त्यसपछिको अनुगमनमा समेत उपयुक्त व्यवस्थापन भएको नदेखिएमा गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति वा अनुगमन समितिको सिफारिसमा गाउँ कार्यपालिकाले आवश्यक कार्वाहीको निर्णय गर्नेछ ।

(३) सेनिटरी प्याड प्रयोग गर्ने विद्यार्थीहरुले प्रयोग गरिसकेको सेनिटरी प्याडलाई जथाभावी नफाली विद्यालयले निर्धारण गरेको सुरक्षित स्थानमा मात्र विसर्जन गर्नु पर्नेछ ।

## परिच्छेद ७
## प्रोत्साहन तथा सेवा व्यवस्थापन

**१८. पुरस्कार दिन सकिने :** (१) फोहरमैला व्यवस्थापनका लागि नवीनतम् अवधारणाहरुको विकास गर्ने, त्यस्तो कार्यलाई प्रोत्साहित गर्ने तथा फोहरमैला व्यवस्थापन कार्यमा योगदान गर्ने व्यक्ति वा संस्था वा फर्मलाई वडा स्तरीय सरसफाइ समितिको सिफारिसमा गाउँपालिका वा वडाले सरसफाइ व्यवस्थापन विशेष अनुदान वा सम्मान स्वरुप उपयुक्त पुरस्कार दिन सक्नेछ ।

(२) यस कार्यविधिको प्रतिकूल हुने गरी जथाभावी फोहरमैला राख्ने, थुपार्ने वा फाल्ने व्यक्तिको बारेमा प्रमाण सहित उजुरी दिने व्यक्तिलाई गाउँपालिका वा सम्वन्धित वडाले सम्मान एवम् नगद पुरस्कार समेत दिन सक्नेछ ।

(३) वडा समिति, टोल विकास संस्था र सरोकारवालाको संलग्नतामा निर्मित अनुसूची (३) वमोजिमको सफा र स्वच्छ वडा निर्माणका लागि कार्य सूचीको कार्यान्वयन गर्ने गराउने सवै सरोकारवालाको कर्तव्य हुनेछ ।

**१९. सरसफाइ निरीक्षक तोक्ने** : वडा कार्यालयले वडा भित्र भएको सरसफाइ गतिविधि अनुगमन गर्न, सेवा शुल्क असूली गर्न, स्थलगत निरिक्षणका आधारमा तोकिए वमोजिमको दण्ड सजाय प्रस्ताव गरी कारवाहीका लागि वडा कार्यालयमा पेश गर्न एक जना सरसफाई निरीक्षक तोक्ने छ । यसरी सरसफाइ निरीक्षक तोक्न वडा कार्यालयमा जनशक्ति अभाव भएमा उठेको सेवा शुल्कवाट पारिश्रमिक दिनेगरी कार्यपालिकाको स्वीकृति लिई सेवा करारमा नियूक्त गर्न वडा समितिको कार्यालयले सक्नेछ ।

**२०. फिल्ड प्रतिवेदन पेश गर्नेः** (१) वडाले फोहरमैला व्यवस्थापन, सफा र स्वच्छ वडा निर्माण गर्ने कार्यलाई प्रभावकारी बनाउन अनुसूची (२) बमोजिमको ढाँचामा सरसफाइ निरीक्षकले प्रत्येक दिनमा भए गरेको फोहरमैला व्यबस्थापन तथा सफा र स्वच्छ वडा निर्माण कार्यको प्रतिवेदन स्थलगत निरीक्षण गरी वडा सचिव समक्ष पेश गर्ने व्यवस्था मिलाउनु पर्नेछ र सो प्रतिवेदनको आधारमा सरसफाइको साप्ताहिक प्रगति प्रतिवेदन वडा सचिवले तयार गरी वडा अध्यक्षलाई दिनु पर्नेछ ।

(२) वडा कार्यालयले मासिक रुपमा गरेको सरसफाई गतिविधि तथा सरसफाई सेवा शुल्कको असुली प्रतिवेदन गाउँपालिकामा महिना समाप्त भएको ७(सात) दिन भित्र दिनु पर्नेछ ।

**२१. सरसफाइ व्यवस्थापन निजी क्षेत्र वा गैरसरकारी संस्थावाट गराउन सकिने** : (१) गाउँ कार्यपालिकाको निर्णय अनुसार सम्पूर्ण गाउँपालिका क्षेत्रको एकमुष्ट वा भिन्ना भिन्नै क्लष्टर वनाइ कानून वमोजिम दर्ता भई सम्वन्धित कार्य गर्ने उद्देश्य भएका निजी क्षेत्र, गैरसरकारी संस्थावाट गाउँपालिकाको फोहर व्यवस्थापन गर्न सकिनेछ ।

(२) सम्वन्धित गाउँपालिका वा वडाले निजी क्षेत्र, गैर सरकारी सस्था वा सामुदायिक क्षेत्रवाट सेवा लिनुपर्ने भएमा निम्न प्रक्रिया पूरा गरी फोहरमैला व्यवस्थापनको सेवा लिनुपर्ने छ ।

(क) सेवा लिनुपर्ने क्षेत्रको विवरण, सेवा दिए वापत सेवा प्रदायकलाई उपलब्ध गराउन सकिने अनुदान रकम वा सहयोग वा सेवा प्रदायकवाट अपेक्षा गरेको रकम वा सहयोगको विवरण निर्देशक समितिको परामर्शमा गाउँ कार्यपालिकाको कार्यालयले कम्तीमा १५ दिनको स्थानीय पत्रिकामा प्रस्ताव आह्वान सूचना गर्ने ।

(ख) सूचना वमोजिम प्राप्त प्रस्तावहरुलाई सार्वजनिक खरिद ऐन, नियम वमोजिमको मूल्याकन समिति मार्फत मूल्यांकन गराई सारभूत रुपमा प्राभवग्राही प्रस्तावलाई स्वीकृत गरी गाउँ कार्यपालिकाको कार्यालयले काम लगाउने ।

(ग) निजी क्षेत्रवाट फोहरमैला व्यवस्थापन सेवा लिंदा सेवा लिएको क्षेत्रवाट अनिवार्य रुपमा अनुसूची (१) वमोजिमको सेवा शुल्क वडा कार्यालयले असूल गरी गाउँपालिकाको संचित कोषमा दाखिलाको व्यवस्थापन गर्नु पर्नेछ ।

(घ) फोहरमैला सेवा शुल्कवाट असूल भएको सेवा शुल्कबाट निजी क्षेत्रले पाउने हिस्सा कटाई बाँकी रहेको रकम सम्वन्धित वडाको सरसफाई प्रर्वद्धन क्षेत्रमा नै वडा समितिको निर्णयानुसार लगानी गर्नु पर्नेछ ।

२२. **खारेजी तथा बचाउ :** मरिण गाउँ कार्यपालिकावाट स्वीकृत गरी विभिन्न वडाको फोहर व्यवस्थापनका लागि प्रयोगमा आएका कार्यविधिहरु यस कार्यविधि लागू भएपछि स्वतः खारेजी भएको मानिने छ तर पूर्व स्वीकृत भएका कार्यविधिहरुवाट भएका काम कार्वाहीहरु यसै कार्यविधि वमोजिम भएको मानिने छ ।

अनुसूची १

(दफा २० (१) सँग सम्बन्धित)

............... नं. वडा समिति

# फिल्ड प्रतिवेदन

मिति :

श्रीमान् वडा सचिवज्यू

मरिण गाउँपालिका, ........ नं. वडा कार्यालय

सिन्धुली, नेपाल ।

विषय : दैनिक सरसफाई प्रतिवेदन

उपरोक्त सम्बन्धमा मिति ...................... मा गाउँपालिका भित्रको क्षेत्र सरसफाई कार्यको प्रतिवेदन विवरण निम्नानुसार रहेको व्यवहोरा अनुरोध छ :

**निम्न**

१) सरसफाई गरिएका टोल/सडकहरुको विवरण

क)

ख)

ग)

घ)

ङ)

२) समय :

३) प्रयोग भएका ढुवानी साधन र संख्या :

४) संलग्न जनशक्तिको नाम र संख्या :

५) सरसफाइ गरिएको सडक, नाला तथा फोहर संकलनको अवस्था :

६) मरेको पशु संकलन संख्या :

७) पटके फोहर संकलन : ............ ट्रिप

८) नागरिकको गुनासो अवस्था :

९) तत्काल फोहर व्यवस्थापन गर्नुपर्ने देखिएको स्थल र फोहरको प्रकृति

१०) निरीक्षणका क्रममा कुनै कारवाही गरिएको भए सोको विवरण :

**प्रतिवेदन पेश गर्नेको नाम :**

**पद :**

**हस्ताक्षर :**

आज्ञाले

ओम बहादुर दर्जी

प्रमुख प्रशासकीय अधिकृत



मरिण गाउँपालिका